# कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधी;२०७७

प्रस्तावना:

प्रदेश सरकारबाट कृषि विकासको लागि उपलब्ध गराइने अनुदान र गरिने खर्चलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य बनाउन कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ लाई संसोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. २ सरकारको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा २ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि(पहिलो संसोधन),२०७७" प्रदेश नं. २ सरकारले जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधी;२०७७" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ४ को उपदफा (१) सट्टा देहायको उपदफा (१) राखिएको छ ।

(१) कार्यालयले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने अनुदानग्राहीबाट अनुदानको लागि सामान्यतया प्रथम चौमासिकभित्र आवेदन माग गर्नुपर्नेछ र उक्त सूचनाको जानकारी सम्वन्धीत स्थानीय तहलाई गराउनुपर्नेछ । तर आ.ब. ०७७|०७८ मा यो समयसीमा लागु हुने छैन ।

३. मूल कार्यविधिको दफा ५ को उपदफा (३) सट्टा देहायको उपदफा (३) राखिएको छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागू हुनु अघि अनुदानग्राहीसँग सम्झौता भई कार्यान्वयनमा रहेका परियोजनाको हकमा सम्झौता बमोजिम नै हुनेछ। अरु कार्यक्रमको हकमा यसै कार्यविधिको अनुसूची १ वा स्वीकृत कार्यक्रममा उल्लैख भए बमोजिम हुनेछ।

४. मूल कार्यविधिको दफा ७ को उपदफा (७) सट्टा देहायको उपदफा (७) राखिएको छ ।

(७) कार्यक्रम संचालन गर्दा कार्यालयले खरीद गरी वितरण वा प्रयोग गर्ने जिन्सी सामान/उपकरण/मेसिनरी/कृषि सामग्री/पशुधन लगायतका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए बमोजिम हुनेछ ।

५. मूल कार्यविधिको दफा १२ को उपदफा (१) सट्टा देहायको उपदफा (१) राखिएको छ ।

(१) अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ:

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) प्रमुख, कृषि विकास निर्देशनालय - सदस्य

(ग) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय - सदस्य



Scanned with CamScanner

(घ) प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय - सदस्य

(ङ) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय - सदस्य

(च) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(छ) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ज) प्रमुख, - योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य सचिव

६. अनुसूची १ को तालिका नं १ झिकिएको छ।

७. अनुसूची १ को क्रम संख्या ३३.४ र ३५ को सट्टा देहायका क्रम संख्या ३३.४ र ३५ राखिएको छ।

| क्र. सं. | कार्यक्रम | सरकारी खर्च/ अनुदानको अधिकतम सिमा | कैफियत |
|---|---|---|---|
| ३३.४ | ३३.४.१ पास्चुराईजेशन मेसिन, चिलिङ्गभ्याट (१००० लिटर वा सो भन्दा माथी), मिल्क एनालाईजर, मिल्क प्याकेजिङ्ग मेसिन, दाना वनाउने मेसिन, चिज मेकर, जेनेरेटर, मिल्किङ्ग मेशिन, ईन्क्यूवेटर, आइस प्लान्ट, पावर टिलर, मीनी टिलर, पनिर मेकिङ्ग मेसिन, आइस क्रसर मेसिन आदि लगायत कार्यक्रममा उल्लेख भएका अन्य यन्त्र उपकरणहरु समेत। | ५०% | |
| | ३३.४.२ क्रीम सेपरेटर, दहि वनाउने मेसिन, निपल वाटर सेट, ईलेक्ट्रीक/ग्यास व्रुडर, एरिएटर, एयर कम्प्रेसर, डिफ्यूजर, फिडिङ मेशिन, ईलेक्ट्रिक मोटर च्याफ कटर, ग्रास/व्रस कटर, सिकेचर चिलिङ्गभ्याट (५००लिटर), आदि लगायत कार्यक्रममा उल्लेख भएका अन्य यन्त्र उपकरणहरु | ७५% | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | ३३.४.३ स्यलो वोरिङ्ग, डिप वोरिङ्ग, ड्रिल वोरिङ्ग पानि तान्ने पम्प, ईलेक्ट्रीक मोटर, सवमर्सिवल पम्प, मड पम्प लगायत कार्यक्रममा उल्लेख भएका सिंचाई सामग्री तथा सोसँग सम्बन्धीत अन्य उपकरणहरु समेत। | ८५% | |
| | ३३.४.४ डिजिटल व्यालेन्स, पेपर/प्लाष्टिक क्रेट/कार्टुन, डिजिटल ए.आई.गन/ए. आई.गन, नाईट्रोजन कन्टेनर, रेफ्री, मिल्क क्यान, डिप फ्रीज, फ्रीज, पानी ट्यौंक, डिपिङ्ग टैंक, डि.ओ. मिटर, पि. एच् मिटर, हापा, ड्रयाग नेट, कास्ट नेट, वेईङ्ग मेसिन, वाटर एनालाइजर किट, ह्य्याक किट, काउम्याट, यू.एम.एम.बी. मेसिन, ग्रिण्डींग एण्ड मिक्सींग मेशिन, क्यानटेनर, वर्डिजो क्यास्ट्रेटर, ,डि फिदर मेसिन, हँसिया, खुर्पि, कोदालो, सिडलिंग पोली ब्याग/सिलपोलीन/पोली सिट (५० वर्ग मि. सम्म), ईक्जस्ट फयान ,डिहर्नर, ड्रेरेन्चीङ्ग वोटल, व्लोयर आदि लगायत कार्यक्रममा उल्लेख भएका अन्य यन्त्र उपकरणहरु समेत। | १००% | |
| ३५. | यूवा लक्षित व्यवसायिक कृषि, पशुपन्छी तथा मत्स्यपालन कार्यक्रम | ५०% | अधिकत्म अनुदान कृषि, मत्स्य पालन, गाईभैसी र बाखापालनको हकमा रु. १०,००,०००।- (दश लाख) र कुखुरा हाँस बंगुरपालन/साना तथा मध्यम कृषि उत्पादन/व्यवसाय मुलक कार्यको हकमा रु. ७,००,०००।-(सात लाख) भन्दा वढी हुने छैन। |



Scanned with CamScanner

८. अनुसूची १ को क्रम सँख्या ६१ पछी देहायका क्रम सँख्या ६२, ६३, ६४, ६५, ६६, ६७, ६८, ६९, ७०, ७१, ७२, ७३, ७४, ७५, र ७६, थपिएको छ।

| क्र. सं. | कार्यक्रम | सरकारी खर्च/ अनुदानको | कैफियत |
|---|---|---|---|
| | (क) जिविकोपार्जन तथा सिमान्तकृत कृषक लक्षित कार्यक्रमहरु | | |
| ६२. | आनुवाँन्शिक श्रोत केन्द्र लामपुच्छ्रे भेडा प्रवर्द्धन कार्यक्रम | १००% | |
| ६३. | शहरी क्षेत्रमा छाडारुपमा पालिरहेका बंगुर पालन संरक्षण कार्यक्रम | १००% | |
| ६४. | माछा मारी जीविकोपार्जन गर्ने माझी, मलाह समुदायको क्षमता अभिबृद्धि तथा जलीय जीव संरक्षण कार्यक्रम | १००% | |
| ६५. | खाध सुरक्षा र थप आय सृजनाको माध्यमबाट प्रदेशका किसानहरुको जिवनमा सुधार | ७५% | |
| ६६. | एक परिवार दिनको हजार | ७५% | |
| ६७. | बोयर जातको बोका वितरण | १००% | |
| | (ख) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरु | | |
| ६८. | सेक्स सिमेन खरिद तथा बितरण | १००% | |
| ६९. | कृषक पाठशाला सहजिकरण कार्यक्रम(कृषि विकास कार्यक्रम) | १००% | |
| ७०. | सहकार्यमा प्रस्तावमा आधारित कृषि ,पशुपन्छी तथा मंत्स्य विकास कार्यक्रम(कृषि विकास कार्यक्रम) | ७५% | |
| ७१. | खाद्यान्न तथा तरकारी बीउ उत्पादन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम(कृषि विकास कार्यक्रम) | ७५% | |
| ७२. | खाद्यान्न, तरकारी तथा नगदेवाली प्रवर्द्धन सहयोग कार्यक्रम (कृषि विकास कार्यक्रम | ७५% | |
| ७३. | सहुलियतमा कृषि मिटर वितरण कार्यक्रम ( विधुत गृह/सबस्टेसन/प्रसारण लाइन निर्माण ) | ८५% | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | (ग) कृषि व्यवसाय प्रवर्द्धन लक्षित कार्यक्रमहरु | | |
| ७४. | सहकार्यमा प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम | ७५% | |
| ७५. | हुलाकि मार्ग लक्षित दुग्ध मिसन कार्यक्रम | ७५% | |
| ७६. | कृषि बजार पूर्वाधार / कृषि उपज संकलन केन्द्र निर्माण तथा सुधार | ८५% | अधिकतम अनुदान रु २५ लाखसम्म |



Scanned with CamScanner

प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं.०४१-५२३१३३
५२५३३८
५२५७३३
फ्याक्स नं.०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

प.सं. २०७७/०७८
च.नं. बै.शा./ ५६

मितिः२०७७।१०।२६

बिषयः- म.प. को निर्णय पठाइएको सम्बन्धमा ।

दर्ता नं.: ९२५६
दर्ता मितिः२०७७।१०।२८

श्री सचिवज्यू,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं.२ जनकपुरधाम ।

प्रस्तुत विषयमा कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने विषयको तहाँ मन्त्रालयको प्रस्ताव प्रदेश मन्त्रिपरिषद्को बैठक संख्या १७/०७७ मिति २०७७।१०।२३ को बैठकमा पेश हुँदा भएको निर्णयको प्रमाणित प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(हस्ताक्षर)
श्याम सुन्दर महतो
अधिकृत सातौं

श्री योजना तथा कृ. महाशाखा
आ-का.
(हस्ताक्षर)
२०७७।१०।२८

श्री अविनाशजी,
संशोधित कार्यविधि मन्त्रालयको वेबसाइटमा upload गर्ने। निर्णयको प्रति टिप्पणी सहित संलग्न राखी सबै प्रदेश डिभिजन कार्यालयहरूलाई scan फोटोकपी एक/एक प्रति दुवै निर्देशनालय र ...... उपलब्ध गराउने।
(हस्ताक्षर)
०७७।११।०३

E-mail: cm.p2.gov.np@gmail.com "सक्षम निजामति प्रशासन विकास, समृद्धि र सुशासन" Website: www.ocmcm.p2.gov.np

Scanned with CamScanner

प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

विषय : कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधी ;२०७७ स्वीकृति सम्बन्धमा ।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति २०७७।०९।२२

**१.विषयको सक्षिप्त व्यहोराः**
किसानको हक हित संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पाकत्व बढाउन तथा कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्न तथा कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँच कायम गर्न यस मन्त्रालयको चालु आ.व. ०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम तथा अगामी वर्षमा संचालन हुने सोही प्रकृतिका कार्यक्रमहरु संचालनमा एकरुपता कायम गर्न तथा कार्यक्रम कार्यान्वयन प्रकृयालाई सहज तुल्याउनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, (प्रदेश नं २) वाट स्वीकृत, "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६" मा संसोधन गर्न आवश्यक भएकोले प्रदेश सरकारको "प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" को दफा २(२) तथा "विनियोजन ऐन २०७७" को दफा २० (१) बमोजिम "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६" मा संसोधन गर्न वाञ्छनीय भएकोले, "कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधी; २०७७" प्रदेश नं. २ सरकारले जारी गरेको छ ।

**२. प्रस्ताव परामर्श तथा अन्य प्रासागिक कुराः**
चालु आ व २०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रम समयमै सम्पन्न गर्न यो कार्यविधी अविलम्ब संसोधन गर्न आवश्यक देखिन्छ । कृषि क्षेत्रमा अनुदान परिचालन गर्न तथा कार्यक्रम कार्यान्वयन प्रकृयालाई सहज तुल्याउनका लागि यस मन्त्रालयको मिति २०७७/०८/२६ को निर्णयानुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमावाट सहमती मांग गरिएकोमा मिति २०७७।०९।१० को निर्णयानुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयवाट तथा मिति २०७७।०९।१२ को निर्णयानुसार आर्थिक मामिला तथा योजना मन्त्रालयवाट सुझाव सहितको सहमति समेत प्राप्त भएकोले उक्त कार्यविधिमा प्राप्त सुझावहरु समेत समावेश गरी **कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६ (पहिलो संशोधन)** मन्त्रीपरिषादबाट स्वीकृत गरि लागु गर्नु पर्ने देखिएकोले प्रदेश सरकारको कार्य सम्पादन नियमावली, २०७४ को अनुसूचि १ (बुंदा ९ र १८) वमोजिम यो प्रस्ताव मन्त्रीपरिषदमा पेश गरिएको छ ।

**३. प्रस्ताव पेश गर्नु पर्ने कारण र मन्त्रालयको सिफारिशः**
कृषि पेशालाई आधुनिकीकरण गरी व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक बनाउन तथा कृषि पेशा प्रति कृषकको आकर्षण बृद्धि गर्न कृषिमा अनुदान आवशयक देखिन्छ। यसरी कृषि व्यवसायलाई आकर्षक र नाफा मुलक बनाउन ,नितान्त आवश्यक देखिन्छ। तसर्थ विविध खालका सेवाग्राहीलाई प्राबिधीक सेवा ,अनुदान तथा प्रबिधि प्रसार गर्न एक स्पष्ट मार्गदर्शन आवस्यक पर्दछ। चालु आ.व. २०७७।७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार उत्पादन तथा उत्पादकत्व वृद्धिको माध्यमबाट आय आर्जन तथा गरीबी निवारणमा टेवा पुर्याउने उद्देश्य कृषि क्षेत्रमा अनुदान संचालन गर्न तथा अगामी वर्षहरुमा संचालन हुने सोही प्रकृतिको कार्यक्रम संचालनमा एकरुपता कायम गर्न तथा कार्यक्रम कार्यान्वयन प्रकृयालाई सहज तुल्याउनका लागि कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६" मा संसोधन गर्न वाञ्छनीय भएकोले, "कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधी; २०७७" स्वीकृत हुनु पर्ने देखिन्छ ।

**४.निर्णय हुनु पर्ने व्यहोराः**
**"कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधी;२०७७" स्वीकृत गर्ने ।**
मितिः२०७७।०९।२४

(डा. सम्झना कुमारी काफ्ले पाण्डे)
सचिव

Scanned with CamScanner